नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४
चलानी नं 62

मितिः२०८३/५/३
ने.सं. ११४६

श्री स्थानीय तह सबै

विषयःसर्पदंश रोकथाम र नियन्त्रण सम्वन्धी पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजन, २०८३ कार्यन्वयन सम्वन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प.सं.०८३/८४, च.नं.३१०, मिति २०८३/०५/०२ को पत्र साथ सर्पदंश रोकथाम र नियन्त्रण सम्वन्धी पूर्व तयारी तथा प्रतिकार्य कार्ययोजना, २०८३ यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

प्रकाश पन्थी
शाखा अधिकृत

बोधार्थः
श्री राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण,
सिंहदरवार, काठमाडौं ।
श्री सूचना प्रविधि शाखाःवेवसाईटमा अपलोड गरिदिनुहुन ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
प्रतिकार्य शाखा
सिंहदरबार, काठमाडौं

प.सं. :- ०८३/८४
च.नं. :- ३१०

मिति :- वि.सं. २०८३/०५/०२

ने.स. :- ११४६ गुंलाथ्व,६ मङ्गलवार

विषयः सर्पदंश रोकथाम र नियन्त्रण सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ कार्यान्वयन सम्बन्धमा।

श्री स्थानीय तह, (सबै)।

प्रस्तुत विषयमा सर्पदंश रोकथाम र नियन्त्रण सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३ आवश्यक कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको बेहोरा निर्णयानुसार अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Ram Bahadur K.C
ramhdr.kc90@gmail.com

(राम बहादुर के सी)
उप सचिव

बोधार्थः
श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं।
(कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गरिदिनु हुन।)

# सर्पदंश रोकथाम र नियन्त्रण सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना

२०८३

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरवार, काठमाडौं

कार्यकारी प्रमुख

## सर्पदंश रोकथाम र नियन्त्रण सम्बन्धी पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८३

### १. पृष्ठभूमि

सर्पदंश नेपालमा उपेक्षित तर गम्भीर जनस्वास्थ्य तथा विपद् जोखिमको विषय हो। विशेषगरी गर्मीयाम तथा मनसुन अवधिमा सर्पको प्राकृतिक बासस्थान प्रभावित भई मानव बस्तीमा प्रवेश गर्ने क्रम बढ्दै जाँदा सर्पदंशका घटनामा वृद्धि हुने गरेको छ। नेपालमा सर्पदंशबाट विपन्न, कृषक, मजदुर, महिला, बालबालिका तथा ग्रामीण समुदाय विशेष रूपमा प्रभावित हुने गरेका छन्।

विगतका १० वर्ष (२०७३-२०८३ असार मसान्तसम्म) को तथ्याङ्क अनुसार सर्पदंशका १६७८ घटना घटेकोमा १४०१ जना घाइते हुँदा ३०१ जनाको सर्पदंशको कारण मृत्यु भएको र मृतकमध्ये ४२ प्रतिशत महिला र करिब २२ प्रतिशत बालबालिका रहेका छन्। उपचार केन्द्र पुग्न ढिलाइ, झारफुक तथा अन्धविश्वासमा आधारित उपचार, एण्टिभेनमको सीमित उपलब्धता, दक्ष स्वास्थ्य जनशक्तिको कमी तथा आपत्कालीन उद्धार सेवामा ढिलाइका कारण सर्पदंशबाट हुने मृत्यु तथा अशक्तता अझै उच्च रहेको छ।

जलवायु परिवर्तन, वन विनाश, अव्यवस्थित शहरीकरण, कृषियोग्य जमिनको अतिक्रमण तथा जैविक विविधतामा आएको परिवर्तनले मानव र सर्पबीचको प्रत्यक्ष सम्पर्क बढ्दै गएको छ। यसले सर्पदंशलाई केवल स्वास्थ्य समस्या मात्र नभई विपद् व्यवस्थापन, वातावरण संरक्षण, जलवायु अनुकूलन तथा सामुदायिक व्यवहार परिवर्तनसँग जोडिएको बहुआयामिक विषयका रूपमा स्थापित गरेको छ। संघ, प्रदेश, स्थानीय तह एवं अन्य सरोकारवाला निकायहरुबीच समन्वय तथा साझेदारीमार्फत सर्पदंशबाट हुने मृत्यु, अशक्तता तथा सामाजिक आर्थिक क्षति न्यूनीकरण गर्ने उद्देश्यले यो कार्ययोजना तयार गरिएको छ।

### २. कार्ययोजनाको उद्देश्य

**मुख्य उद्देश्य**

सर्पदंशबाट हुने मृत्यु र अशक्ततालाई रोकथाम तथा नियन्त्रण एवं आर्थिक तथा सामाजिक क्षति न्यूनीकरण गर्नु।

**विशिष्ट उद्देश्य**

(क) मानव-सर्प द्वन्द्व न्यूनीकरण गर्नु।
(ख) सर्पदंश उपचार सेवाको पहुँच, गुणस्तर र उपलब्धता विस्तार गरी उपचारमा ढिलाइका कारण हुने मृत्युदर न्यून गर्नु।
(ग) सर्पदंशसम्बन्धी जनचेतना र जोखिम सञ्चारलाई प्रभावकारी बनाउनु।



नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

कार्यकारी प्रमुख

### ३. प्राथमिकता

(क) सर्पदंश उच्च जोखिम क्षेत्रहरूको पहिचान तथा नक्सांकन।
(ख) स्थानीय भाषामा समेत सचेतना तथा व्यवहार परिवर्तन अभियान विस्तार।
(ग) उपचार केन्द्रहरूको सुदृढीकरण तथा विस्तार।
(घ) स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि।
(ङ) एण्टिभेनम तथा सघन उपचार सेवाको उपलब्धता।
(च) आपत्कालीन उद्धार तथा रेफरल प्रणाली सुदृढीकरण।
(छ) अनुसन्धान, तथ्याङ्क तथा निगरानी प्रणाली विकास।

### ४. सर्पदंशबाट अति प्रभावित प्रदेश र उच्च जोखिम जिल्ला

- मधेश प्रदेशः सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा
- कोशी प्रदेशः झापा, मोरङ, सुनसरी
- बागमतीः चितवन
- गण्डकीः नवलपरासी (बर्दघाट सुस्तापूर्व)
- लुम्बिनी प्रदेशः दाङ, कपिलवस्तु, रुपन्देही, बाँके, बर्दिया, पाल्पा, नवलपरासी (बर्दघाट सुस्तापश्चिम)
- सुदूरपश्चिमः कञ्चनपुर, कैलाली

### ५. सम्भावित प्रभावहरू

#### (क) जनस्वास्थ्य प्रभाव

- मृत्यु
- स्नायु प्रणालीमा पक्षघात
- उच्च रक्तश्राव
- श्वासप्रश्वासमा कठिनाई
- मांसपेशीमा समस्या
- मानसिक स्वास्थ्य समस्या

#### (ख) सामाजिक प्रभाव

- सामाजिक भय र असुरक्षामा वृद्धि
- परिवारको आयआर्जनमा ह्रास
- महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा विपन्न लगायत संकटासन्न समूहमा उच्च जोखिम



कार्यकारी प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

### (ग) आर्थिक प्रभाव

- उपचार खर्चमा वृद्धि
- श्रमशक्तिमा ह्रास
- गरिबी वृद्धि
- राज्यकोषमा अतिरिक्त व्ययभार

### (घ) वातावरणीय प्रभाव

- पर्यावरणीय सन्तुलनमा नकारात्मक असर
- मानव-सर्प द्वन्द्वमा वृद्धि

## ६. जोखिमका कारणहरू

### (क) प्राकृतिक तथा वातावरणीय कारण

- तापक्रम वृद्धि
- मनसुनजन्य गतिविधिमा बढोत्तरी
- जलवायु परिवर्तन
- वन विनाश
- प्राकृतिक बासस्थानको क्षयीकरण

### (ख) सामाजिक तथा आर्थिक कारण

- भुइँमा झुनबिनै सुत्ने चलन
- घर बाहिर शौचालय
- आवासमा पर्याप्त प्रकाशको व्यवस्था नहुनु
- अन्धविश्वास तथा झारफुक
- सुरक्षा सामग्री र सावधानी बिना कृषि एवं घरायसी कार्यमा संलग्न हुनु
- गरिबी र अशिक्षा

### (ग) स्वास्थ्य प्रणालीका कारण

- उपचार केन्द्रहरुको भौगोलिक क्षेत्र अनुसार समानुपातिक वितरण नहुनु।
- नयाँ स्वास्थ्यकर्मीहरुलाई पर्याप्त तालिमको कमी।
- रेफरल व्यवस्थामा कमजोरी

कार्यकारी प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

## ७. जोखिम न्यूनीकरणका उपायहरू

### (क) समुदाय तथा घरपरिवारस्तर

- घरभित्रै/परिसरमा शौचालयको व्यवस्था गर्ने।
- घर वरिपरि झाडी तथा फोहोर सफा गर्ने।
- घरभित्रको मुसा र भ्यागुतो नियन्त्रण गर्ने।
- अध्याँरोमा टर्च लाइट प्रयोग गरेर मात्र हिड्डुल गर्ने।
- भुइँमा नसुती खाटमा सुत्ने र झुल प्रयोग गर्ने।
- जोखिमयुक्त क्षेत्रमा बुट तथा पञ्जा लगाउने।
- बालबालिकालाई सर्पदंशको जोखिमबारे समयमै सचेत गराउने।

### (ख) स्वास्थ्य क्षेत्र

- एण्टिभेनमको पर्याप्त मौज्दात व्यवस्था गर्ने।
- स्वास्थ्यकर्मीलाई नियमित तालिम दिने।
- ICU र Ventilator क्षमता विस्तार गर्ने।
- Ambu Bag र Intravenous lines को मौज्दात व्यवस्था गर्ने।
- उपचार प्रोटोकलको प्रभावकारी कार्यान्वयन गर्ने।
- मनोसामाजिक परामर्शमा जोड दिने।

### (ग) वातावरणीय क्षेत्र

- सर्पको प्राकृतिक बासस्थान संरक्षण गर्ने।
- मानव-सर्प द्वन्द्व न्यूनीकरणका उपायहरु अवलम्बन गर्ने।

## ८. सर्पदंशबाट बच्न अपनाउनुपर्ने मुख्य सन्देशहरू

### (क)सर्पको टोकाइबाट कसरी बच्ने?

- आफ्नो ठाउँ वरिपरि पाइने सर्पहरूको बारेमा जानकारी राख्ने। सर्प कस्तो ठाउँमा बस्छन्, कुन बेलामा बाहिर निस्कन्छन्, कुन याममा बढी सक्रिय हुन्छन् भन्ने थाहा पाइराख्ने।
- झाडी, खेत वा अँध्यारो ठाउँमा हिँड्दा जुत्ता/बुट, हातमा पञ्जा र शरिर पूरा ढाक्ने कपडा लगाउने।
- रातको समयमा बाहिर निस्कँदा उज्यालो बत्ती वा टर्चलाइट र लठ्ठी लिएर निस्कने।
- ढुङ्गाका काप तथा झाडीहरूमा काम गर्दा विशेष सावधानी अपनाउने।
- घर वरपर झाडी, काठको थुप्रो र फोहोर नराख्ने। जमिनका प्वालहरू भए पुर्ने।

नेपाल सरकार गृह मन्त्रालय राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सिंहदरबार, काठमाडौं

कार्यकारी प्रमुख

- सम्भव भएसम्म भुइँमा नसुत्ने। सुत्दा झुल लगाउने। घरका झ्याल ढोकामा जाली हाल्ने।
- सुत्नुअघि ओढ्ने, ओछ्याउने लत्ताकपडा (बेड, सिरक, तन्ना, सिरानी इत्यादि) टक्टक्यार सर्प भए नभएको यकिन गरेर मात्र सुत्ने।
- रुख अथवा जमिनमा भएका प्वालहरूमा अनावश्यक रूपमा हात नछिराउने।
- भ्यागुता, मुसा, छेपारो आदि सर्पका आहारा हुन्, तिनलाई सकेसम्म घरभित्र बस्न नदिने।
- बालबालिकाहरूलाई सर्प हुनसक्ने ठाउँहरूका बारेमा जानकारी दिने र सावधान रहन सिकाउने।
- नजिकको सर्पदंश उपचार केन्द्रबारे जानकारी राखिराख्ने।

**(ख)सर्पले टोकेमा के गर्ने, के नगर्ने?**

- छिटोभन्दा छिटो नजिकको सर्पदंश उपचार केन्द्र वा अस्पताल लैजाने।
- नआत्तिने, शान्त रहने। टोकेको अङ्गलाई अनावश्यक रूपमा नचलाउने।
- टोकेको ठाउँमा ब्लेडले चिरेर रगत बगाई विषलाई बाहिर फाल्ने प्रयास नगर्ने।
- मुखले चुसेर विष निकालेर फाल्न प्रयास नगर्ने।
- घडी, चुरा, औंठी, पेटी र पाउजु जस्ता चिजहरू खोल्ने, खोलिदिने।
- धामी झाँक्री, विष सोस्ने कालो ढुङ्गातिर लागेर समय नगुमाउने।
- घाउमा कुनै पनि प्रकारको जडिबुटी, बरफ तथा औषधीको प्रयोग नगर्ने।
- चिकित्सकको सल्लाह बाहेक केही नखाने, नपिउने।
- विष नफैलियोस् भनेर टोकेको भागभन्दा माथि कसेरर नबाँध्ने, टोकेको ठाउँ स्थिर राख्ने।

**सर्प देखिएमा के गर्ने?**

- आतङ्कित वा उत्तेजित नभई बिस्तारै टाढा हट्ने।
- सर्पलाई ढुङ्गाले हान्ने वा मार्ने प्रयास नगर्ने।
- घरभित्र सर्प देखिएर उद्धार गर्नुपरे सुरक्षा निकाय, वन तथा संरक्षणकर्मी, उद्धारकर्मी वा स्थानीय तहलाई खबर गर्ने।

कार्यकारी प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

## ९. कार्ययोजना

| क्र.सं. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा |
|---|---|---|---|---|---|
| १ | सर्पदंश जोखिम क्षेत्र तथा समुदायको पहिचान | उच्च जोखिम जिल्ला, स्थानीय तह, वडा तथा समुदायहरूको नक्सांकन तथा जोखिम वर्गीकरण गर्ने। | स्थानीय तह, जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | NDRRMA, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, प्रदेश सरकार र विकास साझेदार संघसंस्था | चैत मसान्तभित्र |
| | | सर्पदंश उपचार केन्द्र तथा एण्टिभेनम उपलब्ध स्वास्थ्य संघसंस्थाको Mapping गर्ने। | स्वास्थ्य सेवा विभाग | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय | वार्षिक |
| | | उच्च जोखिममा रहेका कृषक, बालबालिका, महिला तथा विपन्न समुदायको तथ्यांक अद्यावधिक गर्ने। | स्थानीय तह | स्वास्थ्य संघसंस्था | वार्षिक |
| २ | सर्पदंशबारे जनचेतना तथा व्यवहार परिवर्तन अभियान सञ्चालन गर्ने | सर्पदंशबाट बच्ने उपाय, सर्पले टोकेपछि गर्नुपर्ने र गर्न नहुने कार्यबारे बहुभाषिक श्रव्यदृश्य सामग्री उत्पादन तथा प्रसारण गर्ने। | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र | NDRRMA, स्थानीय तह | मनसुनअघि |
| | | FM, रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, SMS तथा माइकिङमार्फत जनचेतना अभियान सञ्चालन गर्ने। | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र, स्थानीय तह | सञ्चारमाध्यम | वैशाख-भदौ |

कार्यकारी प्रमुख

| क.सं. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा |
|---|---|---|---|---|---|
| | | विद्यालय आधारित सर्पदंश सुरक्षा शिक्षा कार्यक्रम सञ्चालन गर्ने। | शिक्षा तथा खेलकुद मन्त्रालय | स्थानीय तह | शैक्षिक सत्रभर |
| | | धामीझाँक्री, झारफुक तथा घरेलु उपचारका गलत अभ्यास न्यूनीकरण गर्न Behaviour Change Campaign सञ्चालन गर्ने। | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, स्थानीय तह | विकास साझेदार संघसंस्था | नियमित |
| | | राष्ट्रिय सर्पदंश सचेतना सप्ताह सञ्चालन गर्ने। | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | NDRRMA, शिक्षा तथा खुलकूद मन्त्रालय, स्थानीय तह | प्रत्येक वर्ष जेष्ठ अन्तिम हप्ता |
| ३ | सर्पदंश उपचार सेवा सुदृढीकरण | सर्पदंश उपचारमा संलग्न स्वास्थ्यकर्मीलाई Basic तथा Advanced Clinical Management तालिम सञ्चालन गर्ने। | EDCD | प्रदेश सरकार मातहतका अस्पतालहरु | अर्धवार्षिक |
| | | सबै उपचार केन्द्रमा Standard Treatment Protocol कार्यान्वयन गर्ने। | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | WHO | नियमित |
| | | Snakebite Simulation Exercise सञ्चालन गर्ने। | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | प्रदेश सरकार मातहतका अस्पतालहरू, सुरक्षा निकाय | वार्षिक |
| | | नर्स, चिकित्सक तथा Paramedic लाई Refresher Training दिने। | प्रदेश स्वास्थ्य निर्देशनालय | WHO, स्थानीय तह | वार्षिक |
| ४ | सर्पदंश उपचार केन्द्रको पहुँच विस्तार | सबै उपचार केन्द्रहरूको Geolocation सहित विवरण तयार गरी BIPAD Portal मा अद्यावधिक गर्ने। | NDRRMA | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | साउन मसान्तभित्र |

कार्यकारी प्रमुख

| क्र.सं. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा |
|---|---|---|---|---|---|
| | | Mobile App तथा GIS नक्सामार्फत उपचार केन्द्रको विवरण सार्वजनिक गर्ने। | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, NDRRMA | WHO | वार्षिक |
| | | आवश्यकता अनुसार नयाँ Snakebite Treatment Centre स्थापना गर्ने। | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | प्रदेश सरकार, नेपाली सेना | वार्षिक |
| | | अत्यधिक प्रभावित पालिकामा २४/७ Snakebite Treatment Service सञ्चालन गर्ने। | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, प्रदेश सरकार | स्थानीय तह, नेपाली सेना | निरन्तर |
| ५ | एण्टिभेनम तथा उपचार सामग्रीको सुनिश्चितता | राष्ट्रिय स्तरमा एण्टिभेनम पूर्वमौज्दात (buffer stock) कायम गर्ने। | स्वास्थ्य सेवा विभाग | EDCD | वैशाखभित्र |
| | | उच्च जोखिम जिल्लामा पर्याप्त एण्टिभेनम वितरण तथा मौज्दात निगरानी गर्ने। | प्रदेश स्वास्थ्य निर्देशनालय | स्थानीय अस्पताल | नियमित |
| | | भेन्टिलेटर, ICU बेड तथा जीवनरक्षक उपकरणको उपलब्धता सुनिश्चित गर्ने। | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | प्रदेश सरकार | वार्षिक |
| | | सर्पदंशको उपचारको लागि आवश्यक पर्ने प्रतिविष (ASVS) प्राप्त भएको तथा खर्च भएको तथ्यांक नियमित रुपमा तोकिएको निकायमा पेश गर्ने। | सबै सर्पदंश उपचार केन्द्रहरु | प्रादेशिक स्वास्थ्य आपूर्ति स्थापन केन्द्रहरु, स्वास्थ्य सेवा निर्देशनालयहरु तथा रोग नियन्त्रण केन्द्र | नियमित |
| ६ | | Motorcycle Ambulance सेवा विस्तार तथा प्रभावकारी परिचालन गर्ने। | स्थानीय तह | नेपाल रेडक्रस, साझेदार संघसंस्था | वार्षिक |

कार्यकारी प्रमुख

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं

| क्र.सं. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा |
| --- | --- | --- | --- | --- | --- |
| | समयमै उद्धार तथा रेफरल प्रणाली सुदृढीकरण | सर्पदंशका बिरामीका लागि Emergency Referral Network स्थापना गर्ने। | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय | स्थानीय तह, एम्बुलेन्स सेवा संञ्चालक | नियमित |
| | | प्रभावित बस्तीबाट उपचार केन्द्रसम्म पहुँचको समय घटाउने योजना लागू गर्ने। | जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | स्थानीय तह | निरन्तर |
| | | समुदायस्तरमा Community Emergency Transport System विकास गर्ने। | स्थानीय तह | समुदाय, स्वयंसेवक | वार्षिक |
| ७ | मानव-सर्प द्वन्द्व न्यूनीकरण | Snake Rescue Team गठन गर्ने। | डिभिजन वन कार्यलय, सम्बन्धित संरक्षण क्षेत्र कार्यलय | स्थानीय तह, सुरक्षा निकाय | वार्षिक |
| | | सर्प उद्धारकर्मीको प्रमाणित तालिम सञ्चालन गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | राष्ट्रिय प्रकृति संरक्षण कोष, साझेदार निकायहरु | वार्षिक |
| | | घरभित्र प्रवेश गरेका सर्प सुरक्षित उद्धार तथा पुनर्स्थापनाको व्यवस्था गर्ने। | स्थानीय तह | डिभिजन वन, सम्बन्धित संरक्षण क्षेत्र कार्यलय | नियमित |
| | | सर्प मार्ने प्रवृत्ति रोक्न सहअस्तित्व अभियान सञ्चालन गर्ने। | कृषि, वन तथा पर्यावरण मन्त्रालय | राष्ट्रिय प्रकृति संरक्षण कोष, साझेदार निकायहरु | नियमित |
| ८ | जलवायु परिवर्तन तथा जोखिम व्यवस्थापन | बाढी, वर्षा तथा तापक्रम परिवर्तनसँग सम्बन्धित सर्पदंश जोखिम अध्ययन गर्ने। | DNPWC, DHM | विश्वविद्यालयहरु र साझेदार निकायहरु | प्रत्येक ३ वर्षमा |
| | | जलवायु परिवर्तनका कारण सर्पको वितरण क्षेत्रमा आएको परिवर्तनको अध्ययन गर्ने। | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | विश्वविद्यालयहरु र साझेदार निकायहरु | ५ वर्षमा |

कार्यकारी प्रमुख

| क्र.सं. | रणनीति | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा |
|---|---|---|---|---|---|
| | | विद्यालय, कृषक समूह तथा सामुदायिक वन उपभोक्ता समूहमा प्रशिक्षण सञ्चालन गर्ने। | स्थानीय तह | कृषि, वन, र संरक्षण क्षेत्र सम्बन्धित कार्यलय | नियमित |
| | | मनसुनअघि उच्च जोखिम बस्तीमा घरदैलो कार्यक्रम सञ्चालन गर्ने। | स्थानीय तह | रेडक्रस, सुरक्षा निकाय | वार्षिक |
| १२ | प्रतिकार्य तथा समन्वय | मनसुन अवधिमा Snakebite Emergency Operation Plan तयार गरी लागु गर्ने। | जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | NDRRMA, स्थानीय तह, प्रदेश सरकार | असार-भदौ |
| | | सर्पदंश घटनामा एकद्वार सूचना तथा समन्वय प्रणाली सञ्चालन गर्ने। | NDRRMA | EDCD | नियमित |
| | | Rescue, Referral तथा Treatment Chain को नियमित अभ्यास (Mock Drill) सञ्चालन गर्ने | जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति | स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय, सुरक्षा निकाय | वार्षिक |

## १०. अनुगमन तथा मूल्याङ्कन

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यस कार्ययोजना कार्यान्वयनको चरणमा आउन सक्ने समस्या वा बाधा व्यवधानको समयमै पहिचान एवं न्यूनीकरण गर्दै कार्यान्वयनलाई उद्देश्योन्मुख तुल्याउनेछ। कार्ययोजनाले निर्दिष्ट गरे बमोजिम जिम्मेवार निकायहरूको पूर्वतयारीका कार्यहरूमा प्राधिकरणले आवश्यक समन्वय, सहजीकरण र नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ। जिम्मेवार तथा सहयोगी निकाय सबैको सहभागितामा सर्पदंश रोकथाम र नियन्त्रण पूर्वतयारी तथा प्रतिकार्यको समग्र अवस्थाको नियमित रूपमा समीक्षा तथा लेखाजोखा गरिनेछ।

कार्यकारी प्रमुख